# मधेशी आयोग

## ज्वागल, ललितपुर

पत्र संख्याः २०८०/८१
चलानी नं. :

फोन नंः ०१-५२६११८५
टोल फ्रि नंः १६६००११६१८५


## प्रेस विज्ञप्ति

२०८० साउन ८

### जवाफदेहीता कायम गर्न अपील !

विभिन्न प्रकारका चुनौतीहरुको सामना गरिरहेको मधेश प्रदेशमा विगतका केहि साताहरुमा नै केही अस्वभाविक घटनाहरु घटेका छन् । मिति २०८० जेठ ३२ गते घरेलु हिंसाको चपेटामा परी ज्यान गुमाएका आरती साहकी वहिनी मनिषा साह माथि जिल्ला प्रहरी कार्यालय,धनुषामा यातना दिएको र त्यसपछि विगत एक महिना देखि न्यायका लागि परिवारजनले काठमाडौको माइतीघर-मण्डलामा धर्नारत रहेकोमा त्यसको अझैसम्म सम्वोधन हुन सकेको छैन ।

मिति २०८० आषाढ २५ गते जिल्ला प्रहरी कार्यालय सिरहामा प्रहरी निरीक्षकले प्रहरी जवानलाई हात बाँधी निर्घात कुटपिट गरेको अमानवीय घटना, मिति २०८० साउन ३ गते जिल्ला प्रहरी कार्यालय बारामा नेपाली कांग्रेसका सचिव भैयाराम यादवलाई यातना दिएको घटना, मिति २०८० साउन ४ गते जिल्ला प्रहरी कार्यालय सर्लाहीको हिरासतमा रहेकी ३८ बर्षीया हजरा खातुनको हिरासतमै मृत्यु भएको घटना एवम् महोत्तरी जिल्ला प्रहरी कार्यालयद्वारा मीटर ब्याजीको मुद्दामा पक्राउ परेका साह थरका एक व्यक्तिको यातनाको क्रममै खुट्टाको वुढी औंलाको नङ्ग नै झिकिएको घटनाहरुको सम्बन्धमा विभिन्न संस्थाहरुवाट उजुरीहरु आयोगमा प्राप्त भएका छन् । साथै,यी घटनाहरु विभिन्न संचार माध्यमहरुबाट समेत सार्वजनिक भएका छन् ।

यी मानव अधिकार उल्लंघनका घटनाहरुका पिडित वा पिडितका परिवारजनलाई न्याय मिलोस् र पिडकहरुलाई कानुन बमोजिम कारबाही गरी राज्यप्रति आमजनताको विश्वास बढोस् । यसका लागि आयोग कार्यान्वयनकारी निकायहरुसंग अपिल गर्दछ । साथै यस्ताकिसिमका घटनाहरु नदोहोरियोस् भन्ने अपेक्षा समेत गर्दछ ।

रुद्र प्रसाद लामिछाने
सचिव



Email: madheshicommission@gmail.com
Website: www.madheshicommission.gov.np
आयोगको हेल्पलाईन नं. ११४८